प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

प्रथम पटक सूचना प्रकाशित:२०७६/०९/०३

## आशयपत्र माग गरिएको सूचना।

सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७६।७७ को वार्षिक कार्यक्रममा शिक्षा क्षेत्रमा विभिन्न अनुसन्धान कार्य सञ्चालन तपसिल वमोजिमका शिक्षा क्षेत्रका विषयहरुमा अनुसन्धान गर्न वा त्यस्तो सेवा दिन इच्छुक फर्म वा संस्थाबाट सो सम्बन्धी रीतपूर्वकको आशयपत्र मिति २०७६।९।१६ गते कार्यालय समयभित्र यस मन्त्रालयमा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल

१. विद्यालय शिक्षामा गणित तथा विज्ञान विषयको तहगत नतीजाको अवस्था, त्यसमा विषय शिक्षकको योगदान । २. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको मापदण्ड, कार्यान्वयनमा रहेको कमी तथा यसमा सुधारका उपायहरु तथा प्रादेशिक भौतिक मापदण्डको निर्माण। ३. वालमैत्री स्थानीय शासनको कसीमा हाम्रा विद्यालयहरुको अवस्था र प्रादेशिक मापदण्डको निर्माण । ४. हालको प्राविधिक शिक्षाको उत्पादन र रोजगारीको अवस्था अध्ययन प्रभाव विश्लेषण र सुधारका उपायहरु ।५ ..सुस्ता , राजापुर , कोइलावास जस्ता सिमान्तिकृत क्षेत्रका वालवालिका हरुको शिक्षामा पहुँच, सहभागिता र सिकाई उपलब्धीको अवस्था र सुधारका उपायहरु । ६ .धार्मिक शिक्षावाट मूलप्रवाहीकरण भएका वालवालिकाहरुको सिकाइ उपलब्धिको अध्ययन । ७. विद्यालय शिक्षामा स्वास्थ्य शिक्षाको विद्यमान अवस्था , बढ्दो स्वास्थ्य चुनौतीहरु र समाधानका उपायहरु। ८ .विद्यालय शिक्षकको शैक्षिक तालिम र यसले पारेका प्रभाव र चुनौतीहरु । ९ .प्राथमिक तहमा श्रमिक वर्गका वालवालिकाहरुको सामाजिक सांस्कृतिक सिकाइ अनुभवहरुको अवस्था । १०. प्रदेशमा उच्च शिक्षामा भएका अवसरहरु र नयाँ खोल्नु पर्ने विषय वा क्षेत्रहरु ।

आवेदनसाथ संलग्न गर्नुपर्ने विवरण

१. आवेदन
२. संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली
३. भ्याट/प्यान दर्ता नं.
४. गत आ.ब. सम्मको कर चुक्ता प्रमाणपत्र
५. गत बर्षको लेखा परीक्षण प्रतिबेदन
६. संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र
७. संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण
८. संस्थाको प्रमुख कर्मचारी तथा आबद्ध पेशागत बिज्ञहरुको विवरण तथा कार्य अनुभवको क्षेत्र

उप-सचिव